शीत भण्डारमा करोडौं लगानी खेर

सम्भाव्यता अध्ययनबिनै हचुवाका भरमा बनाइएका शीत भण्डारमा लुम्बिनी प्रदेश सरकारको लगानी बालुवामा पानी खन्याएजस्तो

घनश्याम भैतल (बुटवल)

स्मार्ट कृषि कार्यक्रमबाट उत्पादित कृषिजन्य सामग्री भण्डारणका लागि भन्दै सुम्बिनी प्रदेश सरकारले हचुवाका भरमा योजना बनाउँदा शीत भण्डार (कोल्ड स्टोर) मा गरिएको करोडौं लगानी अनुत्पादक बनेको छ। प्रदेश सरकारको लगानीमा बनेका अधिकांश शीत भण्डार उपयोगाविहीन छन् भने उपयोगमा आएका पनि लागत उठाउन नसकेर बन्द हुने अवस्थामा छन्। सरकारले स्वदेशमै उद्यम गर्न चाहने युवा लक्षित 'स्मार्ट कृषि' कार्यक्रम ल्याएको हो।

सरकारले स्मार्ट कृषि कार्यक्रमबाट उत्पादित कृषिजन्य सामग्री भण्डारणका लागि २०७६/०७७ कै कार्यक्रममा २३ वटा शीत भण्डार निर्माण गर्न ३३ करोड ३३ लाख १५ हजार रुपैयां विनियोजन गरेको थियो। ३ सयदेखि ८ सय ५० मेट्रिक टनसम्मका त्यस्ता शीत भण्डार विभिन्न जिल्लामा निर्माण गर्ने योजना थियो। मन्त्रालयका अनुसार ०७६/७७ मा ४, ०७७/७८ मा ३, ०७८/७९ मा ८ र ०७९/८० मा ३ वटा निर्माण सम्पन्न भए भने ५ वटा निर्माण हुनै बाँकी छ। बनेका केही शित भण्डार सञ्चालनमै आउन सकेका छैनन् भने कतिपय मापदण्डअनुसार नहुँदा अलपत्र छन्। सञ्चालनमा आएका केहीमा भने कृषि उत्पादनको अभाव छ।

रोल्पाको त्रिवेणी गाउँपालिका-२ नुवागाउँको दहबनमा ५ करोड ५५ लाख रुपैयां खर्च गरेर ०७८ मा निर्माण गरिएको शीत भण्डार अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन। मन्त्रालयले ३ करोड ६१ लाख र स्थानीय तहले २५ प्रतिशत लागत व्यहोर्ने गरी सम्झौता भएको थियो। सम्झौतामा नुवागाउँ साना किसान कृषि सहकारी संस्थाले भण्डार सञ्चालन गर्ने उल्लेख छ। सहकारी संस्थाले सम्झौताअनुसार निर्माण गरेर दुई वर्षअघि सञ्चालनमा ल्याएको थियो। यहाँ आलु, प्याज, टमाटर, कागती राखिएको थियो। तर, ६ महिना सञ्चालन गर्दा झन्डै ५ लाख रुपैयां बिजुलीको बिल आएको र त्यो तिर्न नसकेपछि बन्द रहेको सहकारी संस्थाका सचिव चन्द्रबहादुर बस्नेतले बताए। 'कोल्ड स्टोर सञ्चालन गर्दा बिजुलीको बिल मासिक ८५ हजारभन्दा बढी आउँदो रहेछ,' उनले भने, 'यहाँ उत्पादन भएको सामग्री राखेर त्यसको नाफाबाट बिल तिर्न नसकेपछि बन्द गरेर राखेका छौं।' निर्माणकै बेलाको रकम पनि मन्त्रालयबाट ६६ लाख र पालिकाले दिने गरी प्रतिबद्धता जनाएको २५ प्रतिशत रकमसमेत भुक्तानी नभएको उनले बताए।

कपिलवस्तु नगरपालिका-३ मा चर्चित कृषक समूहले १ करोड ४६ लाख रुपैयांमा ५० मेट्रिक टन क्षमताको शीत भण्डार निर्माण गरेको थियो। त्यसमा सरकारको ५० र समूहको ५० प्रतिशत लगानी थियो। तर, मापदण्डअनुसार निर्माण हुन नसकेपछि झन्डै तीन वर्षदेखि बन्द छ। समूहका संयोजक रत्नाकर शुक्लाले भण्डारण सामग्री नभएपछि अहिले बन्द रहेको बताए। किसानले आफै सामान ल्याएर दिँदैनन्, आफैले उत्पादन गरेर राख्न सदस्यले कृषिजन्य उत्पादन गरेका छैनन्,' उनले भने, 'कोल्ड स्टोर धेरै ठूलो भयो, क्षमताअनुसार पूर्णरूपमा सञ्चालन गर्दा बिद्युत् शुल्क मात्र मासिक ६० हजार रुपैयांभन्दा बढी आउँछ, त्यो नाफाबाट तिर्नुपर्छ, जुन सम्भव नै छैन।' सिमानामा भारतले निर्माण गरेका शीत भण्डारलाई प्रतियुनिट १ रुपैयांमा बिजुली दिने गरेको तर नेपालमा प्रतियुनिट ५ रुपैयां लगाएपछि झन्डै ५ किलोमिटरको दूरीमा रहेका भारतीय शीत भण्डार र कृषिजन्य उत्पादनसंग नेपाली उत्पादनले प्रतिस्पर्धा नै गर्न नसक्ने उनले बताए।

प्रदेश सरकारले शीत भण्डार निर्माणमा मात्र ३३ करोड ३३ लाखभन्दा बढी खर्च गरेको छ। तीमध्ये अधिकांश निर्माण भएर बन्द अवस्थामा छन्। सञ्चालित पनि उपकरणहरूको प्राविधिक पक्ष मिलाउन नसक्दा प्रभावकारी भएका छैनन्। गुल्मीको धुर्कोट गाउँपालिकामा प्रगतिशील तरकारी कृषक समूहले १ करोड ४५ लाख रुपैयांमा निर्माण गरेर सञ्चालनमा ल्याएको १ सय मेट्रिक टन क्षमताको भण्डारमा राखिएका सुन्तला दुई महिनामै कुहिएपछि २०७९ चैतदेखि नै बन्द

कपिलवस्तु नगरपालिकास्थित सेमरीमा बनेको कोल्ड स्टोर।

तस्बिर : मनोज पौडेल/क्रान्तिपुर

गरिएको छ। शीत भण्डार बरिपरि घांस उम्रिएर ढाकेको छ। तापक्रम मिलाउन सक्ने प्राविधिक अभाव र समस्या पहिचान गर्न नसक्दा प्रयोगविहीन अवस्थामा राख्नुपरेको पालिका अध्यक्ष भूपाल पोखरेलले बताए। '९० टन सुन्तला राखेको २ महिनामै कुहियो,' उनले भने, 'प्राविधिक समस्या देखिएपछि प्रदेशको कृषि मन्त्रालय र जिल्लाको कृषि ज्ञान केन्द्रलाई जानकारी गराए पनि कुनै सुनुवाइ नै भएको छैन।'

गुल्मीका पूर्वप्रदेशसभा सदस्य एवं कृषि अनुदान अनुगमन समितिका संयोजक कमलराज श्रेष्ठका अनुसार राज्यले लगानी गर्दा कत्तीमा सम्भाव्यता अध्ययन गर्नुपर्छ। त्यही नगरी हचुवाको भरमा करोडौं लगानी गरेको र त्यसको प्रतिफल शून्य भएको उनले बताए। 'उत्पादनको सम्भाव्यता अध्ययन, त्यसको बजारीकरण, बिक्रीवाट हुने प्रतिफल र बजारीकरणका लागि आवश्यक सडक पूर्वाधारसमेत अध्ययन नगरी लगानी गरेको देखिन्छ,' उनले भने। सञ्चालित भनिएका सबै शीत भण्डारले अहिले पनि बिजुलीको बिल तिर्न नसकेको र प्राविधिकको अभावमा बन्द गर्नुपरेको उनले बताए। उनका अनुसार कतिपय स्थानमा अहिले पनि भरपर्दा सडक र बिजुली नै पुगेको छैन।

अर्घाखाँचीको पाणिनी गाउँपालिका-१ स्थित शिवशक्ति मिश्रित कृषक समूहले सरकारको १ करोड ४३ लाख ६६ हजार अनुदानसहित २ करोड ४० लाख लागतमा ५ सय टन क्षमताको शीत भण्डार बनायो। प्रविधि मिलाउन नसक्दा झन्डै ५० लाख मूल्य बराबरको २ सय क्विन्टल सुन्तला कहेर घाटा व्यहोर्नुपरेको समूहका सदस्य चिरञ्जीबी पौडेल बताउँछन्। 'कोल्ड स्टोरका विषयमा हामीलाई ज्ञान नै भएन, प्रदेश र ज्ञान केन्द्रबाट ७ जना प्राविधिक आएर सिकाए,' उनले भने, 'प्राविधिकपिच्छेका सल्लाहले सुन्तला झन् बिग्रिए।' ०७९ साउनदेखि भण्डार बन्द छ।

डाङ्को दंगीशरण गाउँपालिको पनि १ करोड १० लाख रुपैयां खर्चेर निर्माण गरेको दंगीशरण-३ हेकुलीस्थित शीत भण्डार भवन प्रयोगविहीन छ। भवन निर्माण स्थलको छोटो र डीपीआर गर्न कममा स्थलगत अध्ययन नगरी निर्माण सुरु गरेपछि अहिले भवन नै भासिएको छ। ०७६ मसिरमा निर्माण सुरु भएर ०७९ असोजमा सम्पन्न भएको थियो। तर, अहिले

> **प्रदेश सरकारले बनाएका अधिकांश शीत भण्डार बन्द, सञ्चालित पनि निष्प्रभावी**

भवनको पूर्वतर्फ ढोका रहेको भाग जमिनभन्दा माथि उठेको र पश्चिमतर्फको भाग भासिएर तल गएको छ। पालिकाका इन्जिनियर प्रमोद गौतमले डिजाइन र डीपीआर गर्ने क्रममा जमिनको सतहको अध्ययन नगरी गर्दा यस्तो समस्या आएको बताए। 'सुरुमै लापरवाही भएको देखिन्छ, समस्या भएपछि डीपीआर गर्ने काठमाडौंको मुनलाइट कन्सल्टेन्सीलाई पत्याचार गरेका छौं,' उनले भने, 'उतावाट के जवाफ आउँछ, त्यहीअनुसार थप प्रकिया अघि बढ्छ।' बडाध्यक्ष शुकलाल चौधरीले शीत भण्डार एक दिन पनि प्रयोगमा नआई भत्किन लागेको बताए। 'गर्नेले गलत काम गरिदिएपछि सबैले सोझैं हैरान बनाए, जवाफ दिंदादिंदा थाकी लागे,' उनले भने, 'अहिले अक्षियारले पनि छानबिन गरिरहेको छ।'

सरकारका अरू योजना पनि असफल

लुम्बिनी प्रदेश सरकारले सञ्चालन गरेका भूमि बैंक, चकलाबन्दी, करार खेती, माटो व्यवस्थापनलगायतका शीर्षकका अधिकांश कार्यक्रम पनि असफल भएका छन्। भूमि बैंक स्थापना गर्ने भन्दै अध्ययन गर्न ०७५/७६ मै ५० लाख रुपैयां विनियोजन गरेको थियो। यो बजेटबाट मन्त्रालयका कर्मचारीले कार्यविधि बनाउने काम सुरु गरे पनि पूर्णता पाएन।

मन्त्रालयका भूमि स्रोत नक्सांकन महाशाखा प्रमुख अनिल मरासिनीका अनुसार संघीय सरकारबाट भू-उपयोग ऐन नबन्दै प्रदेश मन्त्रालयले भूमि बैंक कार्यक्रम ल्याइएको थियो। कार्यक्रमको कार्यविधि, ऐन, नियम केही थिएन। संघीय सरकारले ०७६ मा बल्ल भू-उपयोग ऐन ल्याएपछि त्यसका आधारमा ०७६ मै प्रदेश मन्त्रालयले कार्यविधिको ड्राफ्ट बनाएर आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिएर राय सुझावका लागि ०७७ मा आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठायो। तर अहिलेसम्म त्यो मन्त्रालयबाट कुनै जवाफ नआए त्यहीं थन्किएको उनले बताए। 'खासमा राजनीतिक तहमा भूमि बैंकको विषयमा गहिरो गरी अध्ययन हुन सकेन, यो पुंजीवादी व्यवस्थाको अवधारणा हो, त्यसैले नेपालमा कार्यान्वयन जटिल हुन्छ भन्ने व्याख्या भयो,' उनले भने, 'त्यसैले केन्द्रमा नियमावली नबनेको र प्रदेशमा राजनीतिक तहबाटै चासो नदिएपछि कार्यक्रम नै अलपत्र परेको हो।' मन्त्रालयले स्थानीय तहले बिक्री नगर्ने तर खेतीयोग्य जमिन बाँझो रहेको भए त्यसको अध्ययन गर्ने, अभिलेख राख्ने र भूमिहीन किसानलाई निश्चित अवधि तोकेर करार खेती गर्न दिने गरी मन्त्रालयले कार्यविधि तयार गरेको उनले बताए।

गत आर्थिक वर्षमा लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा माटो व्यवस्थापन शीर्षकमा प्रतिजिल्ला ३० लाखका दरले ३ करोड ६० लाख रकम विनियोजन गरिएको थियो। त्यो पनि धेरै जिल्लाले माटो परीक्षणका नामसा तालिम, गोष्ठी, मल वितरण र बीउ वितरण गरेर खर्च गरेका छन्। कृषि ज्ञान केन्द्र पाल्पाले त्यही रकमवाट माटो शिविर सञ्चालन, कृषि चुन वितरण, अर्गानिक मल वितरण, ग्रेंचाको बीउ वितरण गरेर बजेट सक्यो। त्यसमा झन्डै १ हजार १ सय किसानले लाभ लिएको ज्ञान केन्द्रकी प्रमुख कामना अधिकारीले बताइन्। 'तिनाउ र रम्भादेवी गाउँपालिकामा अर्गानिक मल, बगनासकाली र रामपुरमा कृषि चुन, रैनादेवीमा कम्पोस्ट मल र निस्दीमा गड्यौला मल वितरण गरियो,' उनले भनिन्, 'प्रत्येक पालिकाबाट कम्तीमा १ सय किसानलाई सहभागी गराएका थियौं। ज्ञान केन्द्रले सामान्य कार्यक्रम गरेर बजेट सक्ने मात्र काम भएको तर त्यसको प्रभावकारिता नरहेको तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले बताए।

'किसानलाई मल वितरण गरियो भन्ने सुनियो,' उनले भने, 'तर, त्यो असारको अन्तिममा कसरी बजेट सक्ने भन्ने उद्देश्यले मात्र गरिएको कार्यक्रम हो।' त्यही कार्यक्रमलाई पनि दिगो हुने गरी योजना बनाएर खर्च गर्न आफूले सुझाव दिएको उनले बताए। प्रभावकारी नभए पनि कर्मचारीलाई खर्च देखाउन सजिलो हुन हुनाले यो वर्ष पनि यही वितरणमुखी कार्यक्रमलाई निरन्तरता दिइएको छ। चालु वर्षमा माटो व्यवस्थापन शीर्षकमा पनि १ करोड ८० लाख रकम छुट्याइएको छ।

कृषि ज्ञान केन्द्र दाङका कृषि प्रसार अधिकृत फिर्तुमान चौधरीले माटो व्यवस्थापनका नाममा रकम आएको भए पनि कार्यविधि नमिलेका कारण रकम खर्च नभएपछि फिर्ता गरिएको बताए। 'शीर्षकअनुसार रकम खर्च गर्ने कार्यविधि नै मिलेन, पहिला मल किन्ने भन्ने छलफल पनि चल्यो, तर पछि फिर्ता नै गरियो,' उनले भने, 'अन्य जिल्लाले ग्रेंचाको बीउ किन्ने, चुन वितरण गर्नेलगायतका काम गरेर सकेको भन्ने सुनियो, कार्यविधिअनुसार त्यो गर्न मिल्थेन।' दाङले कार्यविधि नमिलेको भनेर रकम नै फिर्ता गर्दा अन्य जिल्लाले भने प्रभावहीन काम गरेर रकम खर्च गरेका थिए।

कृषि ज्ञान केन्द्र गुल्मीका प्रमुख नवराज भण्डारीले माटो व्यवस्थापन शीर्षकमा विनियोजन भएको ३० लाख रुपैयांबाट प्राङ्गारिक मल, कृषि चुन, भर्मी कम्पोस्ट किट वितरण, भकारो सुधार, माटो परीक्षण तथा माटो सुधार तालिम सञ्चालन गरिएको बताए। 'अन्तिममा बजेट प्राप्त भयो,' उनले भने, 'त्यसैले छिटो हुने र सम्भावना हुने कार्यक्रम तयार गरी बजेट खर्च गरेका हौं, त्यसको प्रभाव राम्रै परेको छ।'

कृषि तथा भूमि व्यवस्था मन्त्रालयले हरेक वर्ष किसानका नाममा खर्च गर्ने अधिकांश रकम अनुत्पादक बन्दै गएका छन्। अनुदानमुखी कार्यक्रम वास्तविक किसानसम्म नपुग्ने र त्यसले अधिकांश कार्यक्रम नै असफल बनेको प्रदेशसभा सदस्य एवं कृषि अनुदानको अनुगमनमा संलग्न पश्चिम नवलपरासीका बैजनाथ कलवारले बताए। कृषि मन्त्रालयमा वास्तविक किसानभन्दा बाहिरका माफियाको बिगबिगी र दबाव रहँदासम्म कृषिका कुनै पनि कार्यक्रम सफल हुन नसक्ने उनको भनाइ छ।

मन्त्रालयका दसौं तहका पूर्वकर्मचारी तुलसीराम भण्डारीले मन्त्रालयले योजना तथा कार्यक्रम बनाउनुअघि नै विस्तृत अध्ययन अनुसन्धान गरेर भूगोल र वातावरण, बजार र सडक पूर्वाधार, किसानको क्षमता र प्राविधिक सहयोगलगायत क्षेत्रको विश्लेषण गरेर मात्र छनोट गरिएका कार्यक्रम सफल हुन सक्ने बताए। 'हाम्रोमा अध्ययन गरेर गर्ने चलन नै छैन,' उनले भने, 'नेताले देखेका, सुनेका भरमा कार्यक्रम तयार गरिन्छ, अनि त्यस्ता कार्यक्रम भूगोलमा जांदा हावापानी, पूर्वाधार, बजारले सपोर्ट गर्दैन अनि फेल हुन्छन्।' स्मार्ट कृषि, शीत भण्डार, करार खेती, माटो व्यवस्थापन जस्ता कार्यक्रम किसानका लागि राम्रा भए पनि अध्ययन र प्राविधिक कमजोरीकै कारण असफल भएको उनले बताए। उनले आफू मन्त्रालयमा रहँदै बेला मन्त्रालयले तयार गरेका योजना, वितरण भएका बजेट कार्यान्वयनको स्वतन्त्र विज्ञ टोली तयार गरेर अध्ययन गराउने प्रस्ताव गर्दासमेत सुनुवाइ नभएको उनले सुनाए।

आजको राशिफल

प्रीति आज्रेय शर्तावली
फलित ज्योतिषाचार्य

मेष — समयले तपाईको साथ दिनेछ । सोचेअनुसार सबै काम सम्पन्न हुँदै जानेछन् । कुनै विशेष कार्यमा अपेक्षित सफलता मिल्नेछ ।

वृष — कसैलाई साथको आवश्यकता पर्नेछ । समयानुकूल काम हुनेछ । परिस्थिति हेरी आफूलाई खटाउन खोजिनेछ ।

मिथुन — समयलाई आफू अनुकूल बनाउन खोजिनेछ । योजनानुसार काममा खट्ने प्रयास हुनेछ । व्यक्तिगत कामका लागि समय छुट्याइनेछ ।

कर्कट — खुसीमा बढी नफुर्किनु होला । कुनै कुरा गोप्य राख्नु बुद्धिमानी हुनेछ । ईर्ष्यालु व्यक्तिसंग तर्किनु नै मुनासिब रहनेछ ।

सिंह — अनपेक्षित लाभ हुनेछ । कामको वर्गीकरण गरी कार्यान्वयनबारे सोचिनेछ । कुनै कुराले मनमा प्रसन्नता तुल्याउनेछ ।

कन्या — काममा जाँगर बढ्नेछ । प्राथमिकताका काममा आफूलाई खटाइनेछ । कुनै कुरामा मान्यजनसँग छलफल हुनेछ ।

तुला — मन एकाग्र बनाउन सके सकारात्मक रहनेछ । कर्तव्याभिमुख रही काम गर्दा सहज हुनेछ । काम गर्दा मन रम्न थाल्नेछ ।

वृश्चिक — थकानले उत्साहना कमी आउनेछ । मन विश्रामका जानेछ । सकेसम्म चुस्त दुरुस्त र फुर्तिलो हुने प्रयास गर्नुपर्नेछ ।

धनु — पारिवारिक मेलमिलाप बढ्नेछ । कुनै कामले यात्राना निस्किनुपर्नेछ । तपाईको इच्छा बुझेर काम गर्ने प्रयास गरिनेछ ।

मकर — तनाव हट्दा बाटा खुल्दै जानेछन् । मनले चाहेको काममा अघि सर्न खोजिनेछ । सबै कुरा सोचविचार गरी उपयुक्ततिर लागिनेछ ।

कुम्भ — चिन्तनलाई सकारात्मक बनाउने प्रयास हुनेछ । आफ्नो अनुकूलतामा काम गरिनेछ । पारिवारिक हितका लागि अग्रसर भइनेछ ।

मीन — मनमा दौधार हुन सक्छ । कामविशेषले विभिन्न व्यक्तिसंग चिनजान गर्नुपर्ने छ । नयां व्यक्तिसंग कुरा गर्न अग्रसर हुनेछ ।

World Health Organization
Nepal

Request for Proposal
"To Conduct National Level Prevalence Survey for Soil-Transmitted Helminthes in Nepal"

The mission of WHO is the attainment by all people of the highest possible level of health

The World Health Organization (WHO), Country Office for Nepal is seeking qualified, experienced, and legally authorized Agency to **"Conduct National Level Prevalence Survey for Soil-Transmitted Helminthes in Nepal 2024"** as per the attached TOR and RFP document (Please see below link for TOR and RFP).

The proposal should be concisely presented and structured to include the Institutional profile, proposed approach/methodology, proposed timeline, experiences of the desired field, Pan/Vat registration certificates, along with detailed technical and financial proposals separately.

The proposal shall be submitted to the below address by **Thursday, 30 November 2023**. The proposal must be submitted in a sealed envelope by marking the quote accordingly.

World Health Organization (WHO)
UN House, Pulchowk, Lalitpur
G.P.O. Box No. 108 Kathmandu, Nepal

For ToR and RFP document, please visit the below website:
http://www.who.int/Nepal/Procurement

DAI

USAID's Tayar Nepal Project
REQUEST FOR PROPOSAL

DAI for USAID's Tayar Nepal Project request for proposals from interested potential vendors to provide services as mentioned below:

RFP Ref #	Description of Services
RFP-TAYAR-KMD-23-0059	Riverbank Protection Work Neelakantha Municipality

USAID's Tayar Nepal – Improved Disaster Risk Management Project will strengthen the capacity of Nepal's national and municipal institutions responsible for disaster preparedness and response, is funded by the United States Agency for International Development (USAID) and implemented by DAI Global LLC (DAI). The USAID's Tayar Nepal seeks a qualified construction company with registration as per the construction business rule 2056 (2000) to construct riverbank protection work at Avishek tole Ward 8 and Chalise tole, Ward 12 of Neelakantha Municipality, Dhading district.

Interested bidders may obtain complete solicitation (RFP) documents by emailing and request to **TAYARTechProcurement@dai.com** and include the RFP reference in the subject line on or before November 19, 2023, 5:00 pm, Nepal time. DAI will only respond to written questions regarding this RFPs through the email address: **TayarTechProcurement@dai.com** and any questions must be submitted by November 20, 2023, 5pm Nepal Time.

The proposal should be submitted by email to **TayarProcurementINBOX@dai.com**, labeled with RFP reference #, on or before November 24, 2023, 5:00 pm, Nepal time.

USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

USAID Health Learning
Request for Proposals (RFP) Number 72036723R00008

The United States Agency for International Development (USAID) Mission to Nepal seeks proposals from **local organizations** registered in Nepal to provide services as detailed in the Request for Proposals (RFP) entitled "USAID Health Learning".

USAID Health Learning will assist USAID/Nepal's Health Office and its implementing partners to adopt uniform and systematic monitoring, evaluation, research, and learning (MERL) activities to advance broader organizational learning and development efforts in the following three areas: 1) Program Monitoring and Assessments, 2) Knowledge Management, and 3) Capacity Building.

Local organizations are encouraged to view and download the request for proposal at: www.sam.gov by searching the solicitation number "72036723R00008".

The deadline for proposal submission is Tuesday, December 19, 2023 at 5.00 p.m. Nepal Time.

Thank you in advance for your interest.

DUDHKOSHI Community Hospital

दुधकोशी सामुदायिक अस्पताल
धुलुङ दुधकोसी गाउँपालिका -६ मुक्ली, सोलुखुम्बु
कर्मचारी आवश्यकता सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति : २०८०।०७।१५ विज्ञापन नं. २०८० /०८१-०१

धुलुङ दुधकोशी गाउँपालिका द्वारा सञ्चालित यस दुधकोशी सामुदायिक अस्पतालमा अस्थायी करार सेवामा पदपूर्ति गर्न आवश्यक भएकाले तोकिए बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले देहाय बमोजिम हुने गरी आवेदन पेश गर्नुहुन आव्हान गरिन्छ। थप जानकारीका लागि यस दुधकोशी सामुदायिक अस्पताल कार्यालयको सम्पर्क नं. ९८५२८५२२०१ वा ९८४२०४६०६८३ मा सम्पर्क राख्नुहुन अनुरोध छ।

क्र सं.	पदको नाम	आवश्यक संख्या	आवश्यक न्यूनतम शैक्षिक योग्यता
१.	स्टाफ नर्स	२ (दुई)	मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषय उत्तीर्ण गरी नेपाल नर्सिङ परिषदमा दर्ता भई एक वर्ष कार्य अनुभव तथा एसबिए ट्रेनिङ लिएकोलाई विशेष प्राथमता दिने।
२.	बि. डि.फार्मासिस्ट	१ (१) एक जना	मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय उत्तीर्ण गरी नेपाल फार्मासिस्टिकल परिषदमा दर्ता भई एक वर्ष कार्यअनुभव भएको।
३	दन्त चिकित्सक सहायक	१(एक) जना	मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय उत्तीर्ण गरी नेपाल परिषदमा दर्ता भई एक वर्ष कार्य अनुभव भएको।
४	नेत्र सहायक (अपथ्याल्मिक् स.)	१(एक) जना	मान्यता प्राप्त शिक्षण सस्थाबाट सम्बन्धित विषय उत्तीर्ण गरी नेपाल परिषदमा दर्ता भई एक वर्ष कार्यअनुभव भएको।

उपरोक्त पदमा आवेदन dchospital2018@gmail.com मा Bio-data, Certificate, Citizenship with Application Letter सहित ईमेल मार्फत बुझाउन सकिनेछ। आवेदन बुझाउने अन्तिम मिति २०८०।०८।१५ गते। आवेदकहरु मध्ये छोटो सुचीमा पर्नुहुनेलाई अन्तरवार्तामा समावेश गरिनेछ।

छनौटको किसिम: अन्तरवार्ता
अन्तरवार्ता हुने स्थान: दुधकोशी सामुदायिक अस्पताल मुक्ली वा काठमाण्डौ सम्पर्क कार्यालय